# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १२ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- मुसिर्दावादमा वक्फ संसोधन कानुनको विरोध गर्ने उग्र भिडले तिन जनाको निर्मम हत्या गरेको छ| मुख्यमन्त्री ममता ब्यनार्जीले जिहादीहरुलाई समर्थन गरेको गम्भीर आरोप भाजपाले लगाएको छ|
- 
- पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज केन्द्र सरकारद्वारा ल्याइएको वक्फ संशोधन अधिनियम राज्यमा लागू नगर्ने स्पष्ट गर्नुभएको छ।
- 
- पश्चिम बंगालमा आज भक्ति भाव अनि उत्साहका साथ हनुमान जयन्ती मनाइयो। विभिन्न धार्मिक संस्थाहरू लगायत भारतीय जनता पार्टीले राज्यभरि धार्मिक कार्यक्रमहरू आयोजना गरेको थियो।
- 
- सर्वोच्च अदालतको आदेशको अवहेलना गरेकोमा पश्चिम बंगाल शिक्षा विभागका चार वरिष्ठ अधिकारीहरूलाई अदालतको अवहेलना सूचना जारी गरिएको छ।

**वक्फ संसोधन कानुन**

वक्फ संसोधन कानुनको विरोधमा बंगलको मुसिर्दावादमा शुक्रवारको नमाज पछि जिहादीहरु द्वारा सुरु गरिएको हिंसा आज जारी छ| हिज सरकारी वहन, निजि वहन, घर दोकान पाठ आदि तोडफोड आक्जनीको हिंसा चरममा पुगेको थियो भने आज पनि सम्सेरगंज क्षेत्रको जफ्रावादमा हिंसक भिडले दुई जना पिता पुत्रको निर्मम हत्या गरेको छ| जिहादी भिडले आज दिउसो एउटा गाउँलाई चारै तिरबाट घेरेर हिंसा र आगजनी गर्दा दुई जनाको ज्यान गाएको हो| मुर्सिदाबादको हिंसालाई ध्यानमा राख्दै धारा १६३ लगाएता पनि भीडलाई नियन्त्रण गर्न पुलिस विफल भएको छ|प्रसासनले इन्टरनेट सेवा पूर्ण रुपमा बन्द गरेको छ|

**मुख्यमन्त्री ममता ब्यानर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज केन्द्र सरकारद्वारा ल्याइएको वक्फ संशोधन अधिनियम राज्यमा लागू गरिने छैन भनी स्पष्ट गर्नुभएको छ। राज्यका धेरै जिल्लाहरूमा यस कानूनलाई लिएर भड्केको हिंसाबीच उहाँको यस्तो बयान आएको छ। मुख्यमन्त्रीले, यो कानून केन्द्र सरकारले बनाएको हो र यससित सम्बन्धित प्रश्न पनि उसैलाई सोधिनुपर्छ भनि बताउनुभयो। उहाँले आमजनसित शान्ति बनाइ राख्ने अपील गर्नुहुदै, राजनीतिको निम्ति दंगा भड्काउनु समाजलाई नोकसान पुऱ्याउनु हो भनि बताउनुभएको छ। यस कानून विरूद्ध हिज राज्यको मालदा, मुर्शिदाबाद, दक्षिण 24 परगना र हुगली जिल्लामा हिंसक प्रदर्शन भएको थियो। धेरै ठाउँ सड़कहरूलाई जाम गरियो, पुलिसको गाड़ीहरूमा आगो लगाइयो र सुरक्षाबलहरूमाथि ढुंगामुड़ा प्रहर गरिएको थियो। मुख्यमन्त्री ममता ब्यानर्जीले यी घटनाहरू प्रति चिन्ता व्यक्त गर्नुहुदै , हामी यस कानूनको समर्थन गर्दैनौं र यसलाई पश्चिम बंगालमा लागू गरिनेछैन भनि बताउनुभएको छ।

****** ० ******

**वक्फ- बिरोध प्रदर्शन**

पश्चिम बंगालममा वक्फ कानुन विरोधी प्रदर्शनको अवधि भैरहेको हिंसालाई लिएर राजनैतिक उथलपुथल बढेको छ। यसै बीच राज्य विधानसभामा नेता प्रतिपक्ष शुभेंदु अधिकारीले आज कलकत्ता हाईकोर्टसित हिंसाग्रस्त इलाकाहरुमा केंद्रीय बलहरु तैनात गर्ने अपिल गर्नुभएको छ । यस याचिका माथि सुनवाईको लागि उच्च न्यायालयको विशेष पीठको गठन गरिएको

छ , जसमा न्यायमूर्ति सौमेन सेन अनि न्यायमूर्ति राजा बसु चौधुरी सामेल छन् । पुलिस स्थिति सम्भाल्न विफल रहेको शुभेंदु अधिकारीले राज्य सरकार माथि आरोप लगाउनु भएको छ । यस्तो स्थितिमा केंद्र सरकारले हस्तक्षेप गर्दै केंद्रीय बलहरु तैनात गर्न पर्नेछ । अब सबैको नजर हाईकोर्टको फैसला माथि रहेको छ । उल्लेखनीय छ -मुर्शिदाबाद जिल्लाको धुलियान, सूती अनि शमशेरगंज जस्ता इलाकाहरुमा स्थिति धैरै तनावपूर्ण बनेको छ । हिज शुक्रवार शुरू भएको हिंशा अझ पनि जारी छ । कतिपय छेत्रहरुमा सरकारी बसहरु अनि संपत्तिहरुमा आगो लगाईएको छ । पुलिसले स्थिति नियन्त्रित गर्नको लागि आहिलेसम्म 118 जनालाई पक्राउ गरेको छ भने हिंसा प्रभावित इलाकाहरुमा धारा 144 लागू गरिएको छ ।

****** ० ******

**पश्चिम बंगाल-वक्फ हिंसा**

पश्चिम बंगालका पुलिस महानिर्देशक राजीव कुमारले हिंसा प्रभावित मुर्शिदाबाद जिल्लाको सुती, समशेरगञ्ज, जालंगी, लालगोला र धुलियान क्षेत्रमा स्थिति नियन्त्रणमा रहेको बताउनु भएको छ। हिजो केही बदमासहरुले यस क्षेत्रमा तोडफोड गरेका थिए । पुलिस महानिर्देशकले अफवाहमा नलाग्ने र कानून व्यवस्थालाई आफ्नो हातमा नगर्न इलाकाका जनतालाई अपिल गर्नुभएको छ । प्रभावित क्षेत्रमा अर्धसैनिक बल तैनाथ गरिएको छ र वरिष्ठ पुलिस अधिकारीहरूले गस्ती गरिरहेका छन्। हिंसात्मक घटनामा संलग्न रहेको आरोपमा ११८ जनालाई पक्राउ गरिएको छ ।हिज, मुर्शिदाबाद जिल्लामा नयाँ वक्फ संशोधन कानूनको विरोधमा ठूलो संख्यामा उपद्रवीहरुले घरहरू, दोकानहरू, सरकारी सम्पत्तिहरू र पुलिसका गाडीहरूमा आगो लगाईदिए। पुलिस अतिरिक्त महानिर्देशक जावेद शमीमले जनताको ज्यानमालको रक्षा प्रशासनको प्राथमिकता रहेको र तोडफोडमा संलग्न अपराधीलाई छाड्न नहुने बताउनुभएको छ ।

**अमित मालवीय**

भारतीय जनता पार्टीका आईटी सेल प्रमुख अनि पश्चिम बंगालका प्रभारी अमित मालवीयले वक्फ (संशोधन) कानूनको विरोधको आड़मा राज्यमा भइ रहेको हिंसालाई लिएर ममता बनर्जी सरकार माथी गंभीर आरोप लगाउनु भएको छ। उहाँले सरकारले जानीबुझी राज्यका विभिन्न क्षेत्रमा भइरहेको हिंसालाई अनदेखा गरेको अनि वोटबैंकको राजनीतिका लागि राज्यलाई जलन दिएको बताउनुभयो।

****** ० ******

**मतदाता सूचीको समीक्षा**

पश्चिम बंगालमा हुने आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै, तृणमूल कांग्रेसले यस महिनादेखि राज्यभर मतदाता सूचीको गहन समीक्षा र प्रमाणीकरण प्रक्रिया सुरु गर्ने भएको छ। पार्टी स्रोतका अनुसार यो प्रक्रिया १५ अप्रिल अर्थात् बंगाली नयाँ वर्ष पछि सुरु हुनेछ र अर्को वर्ष अप्रिलसम्म जारी रहनेछ।यो महत्त्वपूर्ण अभियान इंडियन पॉलिटिकल एक्शन कमेटी (IPAC) सँगको सहकार्यमा सञ्चालन गरिनेछ। यसअन्तर्गत दलका कार्यकर्ताहरूले घरघरमा गएर मतदाता नामावली प्रमाणीकरण गर्नेछन्। यस कामको लागि प्रशिक्षण प्रक्रिया अन्तिम चरणमा छ र आवश्यक परेमा थप कामदारहरूलाई पनि प्रशिक्षण दिइनेछ।

****** ० ******

**पश्चिम बंगाल हनुमान जयन्ती**

पश्चिम बंगालमा आज भक्ति भाव अनि उत्साहका साथ हनुमान जयन्ती मनाइयो। विभिन्न धार्मिक संस्थाहरू लगायत भारतीय जनता पार्टीले राज्यभरि धार्मिक कार्यक्रमहरू आयोजना गरेको थियो। हनुमान जयन्तीलाई ध्यानमा राख्दै राज्यमा व्यापक सुरक्षा व्यवस्था गरिएको थियो। कुनै पनि अप्रिय घटनालाई रोक्नका लागि कडा सुरक्षा व्यवस्था गरिएको एक वरिष्ठ अधिकारीले बताएक छन्। स्रोत अनुसार राजधानी कोलकाताका लगभग ६० स्थानमा भाजपा र अन्य संस्थाहरूले पूजा र हनुमान चालिसा पाठको आयोजना गरेका थिए। सबै कार्यक्रमहरू शान्तिपूर्ण रुपमा सम्पन्न भयो।कोलकाता बाहेक, सिलिगुडी, दार्जीलिंग, कार्स्यंग, कलेबुंग, आसनसोल, पुरुलिया र दुर्गापुर लगायत राज्यका अन्य भागहरूमा पनि हनुमान जयन्ती भक्तिपूर्वक मनाइयो। कार्यक्रमहरूमा ठूलो संख्यामा भक्तजनहरूको सहभागिता रहेको थियो।

****** ० ******

**<u>सर्वोच्च अदालत</u>**

सर्वोच्च अदालतको आदेशको अवहेलना गरेकोमा पश्चिम बंगाल शिक्षा विभागका चार वरिष्ठ अधिकारीहरूलाई अदालतको अवहेलना सूचना जारी गरिएको छ। यो सूचना राज्य सरकारले ती शिक्षकहरूलाई स्कूल जान अनुमति दिएकोमा जारी गरिएको हो जसको नियुक्ति सर्वोच्च अदालतले रद्द गरेको थियो ।शिक्षा विभागका प्रमुख सचिव विनोद कुमार, राज्य शिक्षा आयुक्त अरुप सेनगुप्ता, विद्यालय सेवा आयोगका अध्यक्ष सिद्धार्थ मजुमदार र पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्डका अध्यक्ष रामानुज गंगोपाध्यायलाई अवहेलना सूचना पठाइएको छ। बबिता सरकार, नसरीन खातुन, लक्ष्मी तुंगा, सेताउद्दीन र अब्दुल गनी अन्सारी नामका पाँचजनाले दर्ता गरेको निवेदनको आधारमा नोटिस जारी गरिएको हो ।

****** ० ******